राष्ट्रिय योजना आयोगको निमित्त मा.उपाध्यक्ष श्री जनक राज शाहज्यूको अध्यक्षतामा मिति २०६९/२/२४ गते बसेको बैठकमा भएको छलफल तथा निर्णयहरु :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.१२७६ मिति २०६९/२/१० को पत्रबाट प्राप्त नेपाल सरकार मं.प.को मिति २०६९/२/५ को बैठकमा निर्णय भए अनुसार यस आयोगले नयाँ गठन भएका वा विघटन भएका वा नाम हेरफेर भएका मन्त्रालयको बजेट तथा कार्यक्रममा भएको हेरफेरका कारण आगामी आ.व.०६९/७० को वजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया गर्दामा परेको असर सम्बन्धमा राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री युवराज भुसालको संयोजकत्वमा गठित कार्यदलले दिएको प्रस्ताव उपर छलफल हुँदा शहरी विकास मन्त्रालयको नाम **आवास तथा शहरी विकास मन्त्रालय** राख्न उपयुक्त हुने र अन्यको हकमा देहाय वमोजिम हुन उपयुक्त हुने हुँदा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिश गरी पठाउने ।

**क. शहरी विकास मन्त्रालय : (आवास तथा शहरी विकास मन्त्रालय)**
**साविक स्थानीय विकास मन्त्रालयका नगरपालिका, नगर प्रशिक्षण केन्द्र लगायतका विषयहरू यस मन्त्रालयमा सार्दा निम्नानुसारका कानूनहरू संशोधन गर्नुपर्ने देखिन्छ।**

१. स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ एवम् स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०५६

- स्थानीय निकायको परिभाषा र सम्पर्क मन्त्रालयका विषय
- स्थानीय निकायको कर्मचारीहरुको सेवा, सर्त र सुविधाको विषयहरु
- अन्तरनिकाय वित्तीय हस्तानान्तरणको विषय
- स्थानीय निकायको वित्तीय व्यवस्थापन सम्बन्धी विषय
- सामाजिक सुरक्षाका विषय
- विकेन्द्रीकरण र निक्षेपण सम्बन्धी विषयहरु
- निर्देशन तथा समन्वयका विषयहरु आदि ।

२. जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ बमोजिमको पञ्जिकरण तथा व्यक्तिगत घटना दर्ताको विषय

३. स्थानीय प्रशिक्षण प्रतिष्ठान ऐन, २०४८

## ख. शहरी विकास मन्त्रालय अन्तर्गत पर्ने कार्यक्रमका सम्बन्धमा निम्नानुसार गर्नुपर्ने

- साविकको भौतिक योजना तथा निर्माण मन्त्रालयबाट सार्नुपर्ने कार्यक्रमहरु

| | | |
|---|---|---|
| ३३७ | ०१८ | खानेपानी तथा ढल निकास विभाग |
| ३३७ | ०१९ | शहरी विकास तथा भवन निर्माण बिभाग |
| ३३७ | ०२० | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयहरु |
| ३३७ | ०२१ | विशेष भवन निर्माण तथा सम्भार डिभिजन |
| ३३७ | १६६ | वातावरणीय सरसफाई आयोजना |
| ३३७ | १६७ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना |
| ३३७ | १६८ | खानेपानी पुनर्स्थापना आयोजना |
| ३३७ | १६९ | डीप ट्युबबेल आयोजना (मर्मत सूधार) |
| ३३७ | १७० | जनसाधन विकास आयोजना |
| ३३७ | १७१ | खानेपानी गुणस्तर सुधार आयोजना |
| ३३७ | १७२ | बागमती क्षेत्र भौतिक पूर्वाधार विकास आयोजना |
| ३३७ | १७३ | ग्रामीण खानेपानी तथा सरसफाई कोष |
| ३३७ | १७४ | साना शहरी खानेपानी तथा सरसफाई आयोजना |
| ३३७ | १७५ | वर्षातको पानी संकलन आयोजना |
| ३३७ | १७६ | मेलम्ची खानेपानी आयोजना |
| ३३७ | १७७ | ढल निर्माण तथा प्रशोधन आयोजना |
| ३३७ | १७८ | सामुदयिक खानेपानी तथा सरसफाई आयोजना |
| ३३७ | १७९ | दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना |
| ३३७ | १८० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन कार्यक्रम |
| ३३७ | १८१ | साना शहर बजार विकासबाट ग्रामीण विकास |
| ३३७ | १८२ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) |
| ३३७ | १८३ | विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना |
| ३३७ | १८४ | काठमाण्डौं उपत्यका नगर विकास समिति (काठमाडौ उपत्यका एकीकृत विकास कार्यक्रम) |
| ३३७ | १८५ | नगर विकास कोष |
| ३३७ | १८६ | सघन शहरी विकास कार्यक्रम |
| ३३७ | १८७ | शहरी तथा वातावरणीय सुधार आयोजना |
| ३३७ | १८९ | सिहंदरबार पुनर्निर्माण समिति |
| ३३७ | १९० | भवन निर्माण संहिता,सरकारी भवन निर्माण |
| ३३७ | १९१ | विराटनगर चक्रपथ आयोजना |
| ३३७ | १९२ | नमुना एकीकृत बस्ती विकास कार्यक्रम (तराई मधेश- पहाड- हिमाल) |
| ३३७ | १९७ | गणतन्त्र स्मारक तथा गणतन्त्र स्तम्भ |
| ३३७ | ३०८ | धोविखोला कोरिडोर सुधार आयोजना |
| ३३७ | ३०९ | नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना |
| ३३७ | ३१६ | शहरी शासकीय क्षमता विकास कार्यक्रम |
| ३३७ | ८०१ | ग्रामीण खानेपानी आयोजना |
| ३३७ | ८०२ | खानेपानी आयोजनाहरु |
| ५०१ | १०४ | नगर विकास कोष - खानेपानी क्षेत्र |
| ५०१ | १२६ | खानेपानी उत्पादन बृद्धि कार्यक्रम |
| ५०१ | १२७ | खानेपानी तथा ढल निकास कार्यक्रम |
| ५०१ | १२८ | काठमाडौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड |
| ५०१ | १३५ | काठमाडौ उपत्यका खानेपानी तथा सरसफाई आयोजना निर्देशनालय |
| ५०१ | १४५ | काठमाडौ उपत्यका खानेपानी तथा सरसफाई आयोजना (दोस्रो) |
| ५०१ | १४६ | काठमाडौ उपत्यका खानेपानी सेवा क्षेत्र विकास कार्यक्रम |

- साविकको वातावरण मन्त्रालयबाट सार्नुपर्ने कार्यक्रमहरु

| | | |
|---|---|---|
| ३३१ | ११५ | बागमती विष्णुमती (कोरिडोर) संरक्षण आयोजना- संयुक्त राष्ट्र संघ पार्क विकास समिति |

- साविकको स्थानीय विकास मन्त्रालयबाट सार्नुपर्ने कार्यक्रमहरु

| | | |
|---|---|---|
| ३६५ | १०७ | फोहरमैला व्यवस्थापन कार्यक्रम |
| ३६५ | ८३२ | शहरी शासकीय क्षमता विकास कार्यक्रम |
| ३६५ | ८०३ | नगरपालिका अनुदान |
| ३६५ | १३२ | शहरी वातावरण सुधारका लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम |

- साविकको भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गतको बजेट उपशीर्षक ३३७१८० र ३३७१८१ लाई एकीकरण गरी आवास व्यवस्थापन कार्यक्रमको बजेट उपशीर्षक कायम गरिनुपर्ने ।

## ग. भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत पर्ने कार्यक्रमका सम्बन्धमा निम्नानुसार गर्नुपर्ने

- साविकको भौतिक योजना तथा निर्माण मन्त्रालयको शहरी विकास मन्त्रालयमा सरेका कार्यक्रमहरु बाहेकका अन्य सबै कार्यक्रमहरु

- साविकको श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट सार्नुपर्ने कार्यक्रमहरु

| | | |
|---|---|---|
| ३७१ | ०१४ | यातायात व्यवस्था विभाग |
| ३७१ | ०१५ | अंचल यातायात व्यवस्था कार्यालयहरु |
| ३७१ | १०२ | यातायात व्यवस्था सुदृढीकरण आयोजना |

## घ. सहकारी तथा गरिबी निवारण मन्त्रालय :

गरिबी निवारण कोषलाई प्रधानमन्त्रीको कार्यालयबाट सहकारी तथा गरिबी निवारण मन्त्रालयमा ल्याउनको निम्ति गरिबी निवारण कोष ऐन, २०६३ लाई संशोधन गर्नुपर्ने ।

## ङ. सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतका कार्यक्रमका सम्बन्धमा निम्नानुसार गर्नुपर्ने

- साविकको कृषि तथा सहकारी मन्त्रालयबाट सार्नुपर्ने कार्यक्रमहरु

| | | |
|---|---|---|
| ३१२ | ०१७ | सहकारी विभाग |
| ३१२ | ०१८ | डिभिजन सहकारी कार्यालयहरु |
| ३१२ | ०१९ | राष्ट्रिय सहकारी विकास बोर्ड |
| ३१२ | १३३ | सहकारी प्रशिक्षण केन्द्र |
| ३१२ | १३४ | सहकारी क्षेत्र सुदृढीकरण आयोजना |
| ३१२ | १३५ | सार्वजनिक वितरण प्रणाली-सहकारी पसल संचालन |

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सार्नुपर्ने कार्यक्रम

| | | |
|---|---|---|
| ३०१ | ०१५ | गरिबी निवारण कोष |

- साविकको स्थानीय विकास मन्त्रालयबाट सार्नुपर्ने कार्यक्रम

| | | |
|---|---|---|
| ३६५ | ८१३ | पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना |

- साविकको स्थानीय विकास मन्त्रालय अन्तर्गत रहेको निम्न बजेट उपशीर्षकहरुको गरिबसँग विश्वेश्वर कार्यक्रमको अंश सार्नुपर्ने

| | | |
|---|---|---|
| ३६५ | ८०१ | जिल्ला विकास समिति अनुदान |
| ३६५ | ८०२ | गाऊं विकास समिति अनुदान |

**च. संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत रहने कार्यक्रमका सम्बन्धमा निम्नानुसार गर्नुपर्ने**

- साविकको स्थानीय विकास मन्त्रालयबाट शहरी विकास मन्त्रालय तथा सहकारी तथा गरिवी निवारण मन्त्रालयमा सरेका कार्यक्रमहरु बाहेकका अन्य सबै कार्यक्रमहरु

**छ. वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहने कार्यक्रमका सम्बन्धमा निम्नानुसार गर्नुपर्ने**

- साविकको वातावरण मन्त्रालयको शहरी विकास मन्त्रालयमा सरेका कार्यक्रमहरु बाहेकका अन्य सबै कार्यक्रमहरु

- साविकको विज्ञान तथा प्रविधि मन्त्रालयको प्रशासनिक खर्च बाहेकका अन्य सबै कार्यक्रमहरु

**ज. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :**

**झ. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सार्नुपर्ने कार्यक्रम**

- गृह मन्त्रालयबाट सार्नुपर्ने कार्यक्रम

३१४ ०१५ क्षेत्रीय प्रशासन कार्यालयहरु

२. राष्ट्रिय विकास स्वयमसेवक सेवाको कार्यकारी समितिवाट मिति २०६९/२/२३ गते सम्बन्धित निर्देशक समितिको सिफारिशमा भएको स्वयंसेवक परिचालन सम्बन्धी देहाय वमोजिमको निर्णय अनुमोदन गर्ने :

(क) योग्यताक्रमको आधारमा स्वयंसेवक परिचालन गर्ने विधि अति नै उत्तम, निष्पक्ष, पारदर्शी भए तापनि एकै वर्षमा बारम्बार यस विधिबाट मात्र स्वयंसेवक परिचालन गर्दा माथि उल्लेखित समस्या देखिएकोले सो समस्या

निराकण गर्न स्वयंसेवक छनौट गर्दा स्वयंसेवक हुन अति नै इच्छुक, देशभर जहाँसुकै गई काम गर्न तत्पर रोष्टरमा सूचिकृत भई राष्ट्रिय विकास स्वयंसेवक सेवामा सम्पर्क राख्न आएका उम्मेदवारहरुबाट स्वयंसेवक छनौट गर्ने । छनौट गर्दा एकल महिला, द्वन्द्व पीडित, पिछडिएको क्षेत्र, जन आन्दोलनका घाइते, अति विपन्न र समावेशिताको सिद्धान्त समेतलाई ध्यानमा राखी स्वयंसेवक छनौट गर्ने ।

(ख) स्वयंसेवक परिचालनको बजेटको पर्याप्तता समेत ध्यान दिई हाल परिचालन गर्न सकिने र पछि रिक्त हुन गई परिचालन गर्न सकिने संख्याहरु समेत यकिन गरी रोष्टरमा रहेका उम्मेदवारहरुबाट स्वयंसेवक परिचालन गर्ने ।

(ग) स्वयंसेवक परिचालन गर्दा मिति २०६८।९।२१ मा कार्यकारी समितिबाट जिल्लागत आधारमा स्वीकृत भएको दरबन्दीमा दुर्गम, पिछडिएका क्षेत्र एवं मागको चाप धेरै भएका जिल्लाहरुमा आवश्यकता अनुसार दरबन्दी थप/घट गरी परिचालन गर्ने ।

(घ) स्वयंसेवक परिचालन गर्दा विभिन्न प्रकारका बृद्धाश्रमहरु, बाल सुधार गृह, बर्थिङ्ग सेन्टर, सामुदायिक अस्पताल लगायतका संघ संस्थाहरु तथा सरकारद्वारा सञ्चालित लक्षित कार्यक्रमहरुको माग समेतलाई विचार गरी स्वयंसेवक परिचालन गर्ने ।

(ङ) विभिन्न प्रकारका संघ संस्थाहरुमा स्वयंसेवक परिचालन गर्दा स्वयंसेवकले पाउने निर्वाह भत्ता सम्बन्धित संस्थामार्फत वा जिल्लास्थित सम्बन्धित विषय क्षेत्रको कार्यालयमार्फत दिन सकिने ।

(च) राष्ट्रिय विकास स्वयंसेवक सेवाका कार्यकारीको बैठक समेत बारम्बार बसिरहन नसक्ने अवस्था भएकोले रोष्टरबाट स्वयंसेवक छनौट गर्दा राष्ट्रिय विकास स्वयंसेवक सेवाका अधिकृतहरु एवं निर्देशक तथा राष्ट्रिय योजना आयोगका राष्ट्रिय विकास स्वयंसेवक सेवा हेर्ने सहसचिवबाट प्रस्ताव भएका नामहरुमध्येबाट कार्यकारी समितिका अध्यक्ष रा.यो.आ.का माननीय सदस्यज्यूले स्वयंसेवक छनौट सम्बन्धी निर्णय गर्ने ।